श्री

# उदयपुर जिल्ला अदालत
## गाईघाट, बोक्से

०३५-४२०१९४
०३५-४२०१९५
E-mail:- infodcudayapur@dcourt.gov.np

पत्र संख्या :-०७४/०७५
चलानी न.

मिति :- २०७५।०२।०४

सूचना । सूचना॥ सूचना ।।।

### विषयः-कैद जरिवाना छुट दिइने सम्वन्धमा ।

यस अदालत तथा अन्य अदालतको फैसलाले यस अदालतमा लगत कायम भएको दण्ड जरिवाना वा सरकारी विगो आदि मध्ये ज्यान सम्वंन्धी मुद्धा,कुनै प्रकारको चोरी मुद्धा, कर्मचारीले सरकारी वा सरकारी संस्थान वा सरकारद्वारा नियन्त्रित संस्थानको तहविल,धनमाल मासी चोरी नोक्सान गरेको मुद्धा,सरकारी नगद जिन्सी वा वैंकको नगदी जिन्सी कानून वमोजिम वाहेक वा रीतपूर्वकको आदेश निकासा वेगर लिए दिएको मुद्धा वाहेकका मुद्धाको वाँकी वक्यौता रहेका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले सम्वत् २०७५ साल श्रावण मसान्त भित्र कार्यालय समयमा वाँकी वक्यौता वुझाउन ल्याएमा लगत कट्टा गर्ने गरी यस अदालतको मिति २०७५।२।४ गतेको निर्णय वमोजिम यो सूचना प्रकाशित गरिएको छ , उल्लेखित मिति भित्र त्यस्ता वाँकी वक्यौता रहेका व्यक्तिहरुले वक्यौता वुझाएमा देहाय वमोजिम कैद जरिवाना छुट दिई लगत कट्टा गरिने व्यहोरा सम्वन्धित सबैमा जानकारी गराइन्छ ।

देहाय

(क) सूचना प्रकाशन भएको मितिले पचास वर्ष भन्दा अधिको अन्तिम फैसला वमोजिमको लगतमा पचहत्तर प्रतिशत,

(ख) सूचना प्रकाशन भएको मितिले तीस वर्षभन्दा अघि पचास वर्षसम्मको अन्तिम फैसला वमोजिमको लगतमा पचासं प्रतिशत,

(ग)सूचना प्रकाशन भएको मितिले बीस वर्ष भन्दा अघि तीस वर्षसम्मको अन्तिम फैसला बमोजिमको लगतमा पच्चीस प्रतिशत ।

२०७५।२।४

(कुलवहादुर खत्री)
तहसिलदार

इति सम्वत् २०७५ साल जेष्ठ ४ गते रोज ६ शुभम्